# गणेशमान चारनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विरेन्द्रबजार, धनुषा

गणेशमान चारनाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालय विरेन्द्रबजार, धनुषा जिल्ला मधेश प्रदेश, नेपाल

मधेश प्रदेश, नेपाल

## निशुल्क आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि आपूर्ति सम्बन्धी विद्युतीय बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०८२/०७/१६ गते)

यस कार्यालयको चालु आ.व. ०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गणेशमान चारनाथ नगरपालिका अन्तर्गतका संस्थाहरुका लागि तपसिलमा उल्लेखित निःशुल्क निशुल्क आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि आपूर्ति ई-बीड (विद्युतीय बोलपत्र)को माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रितपूर्वकका विद्युतीय बोलपत्र आह्वान गरिन्छ ।

१) विद्युतीय बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिनसम्म तोकिए वमोजिमको विद्युतीय बोलपत्र दस्तुर रु.३०००।- (पछि फिर्ता नहुने) गणेशमान चारनाथ नगरपालिका, विरेन्द्रबजार, धनुषास्थित माछापुच्छरे बैंक लि.मा रहेको **आन्तरिक राजश्व खाता नं. ग-१-१-०७१००८६३२७९०००७१** मा दाखिला गरेको भौचर, चालु आ.व.को लागि नविकरण भएको फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसायी दर्ताको इजाजत पत्र, मु.अ.क. दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाण पत्र र आ.व. २०८०।०८१ को करचुक्ता गरेको प्रमाणपत्रहरुको प्रतिलिपी वा कर समायोजन पत्र संलग्न राखी सम्बन्धित आपूर्तिकर्ता वा निजको अधिकार प्राप्त प्रतिनिधिले विद्युतीय बोलपत्र खरिद प्रकृयामा भाग लिन सक्नेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत विद्युतीय बोलपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र पेश गर्नुपर्नेछ ।

२) विद्युतीय बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ. दिनको १२:०० बजे सम्म विद्युतीय बोलपत्रहरु यस कार्यालयमा विद्यूतीय बोलपत्रको माध्यमबाट दर्ता गर्न सक्नेछ । दर्ता भएको विद्युतीय बोलपत्रहरु सोही दिन दिनको २:०० बजे विद्युतीय बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवारमा यसै कार्यालयमा खोलिने छ । तर विद्युतीय बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि विद्युतीय बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) विद्युतीय बोलपत्रको मान्य अवधि विद्युतीय बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन हुनेछ । विद्युतीय बोलपत्रदाताले विद्युतीय बोलपत्रसाथ तोकिए वमोजिमको रकममा नघटाई गणेशमान चारनाथ नगरपालिकाको कार्यालयको नाममा रहेको गणेशमान चारनाथ नगरपालिका, विरेन्द्रबजार, धनुषास्थित माछापुच्छरे बैंक लि.मा रहेको स्थानीय तह धरौटी खाता नं. **ग-३-०७१००८६३२७९०००९१** मा नगदै जम्मा गरेको सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको र विद्युतीय बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट विद्युतीय बोलपत्रको हकमा कम्तिमा १२० दिन मान्य अवधि भएको विद्युतीय बोलपत्र जमानत बीड बण्डपेश गर्नुपर्नेछ । विद्युतीय बोलपत्र पुस्तिका बीड बण्ड फाराम अनुसार भर्नुपर्ने हुन्छ । अन्यथा मान्य हुने छैन ।

४) विद्युतीय बोलपत्र शर्तसहित केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको परिमाणको मूल्य पत्र लगायतको विद्युतीय बोलपत्र कागजातहरुमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको वा विद्युतीय बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले रितपूर्वक सहिछाप गरेको हुनुपर्नेछ।

५) विद्युतीय बोलपत्रदताले परिमाणको मूल्य पत्र (BOQ)मा मूल्य अभिवृद्धि कर बाहेक तिनुपर्ने सबै कर र अन्य शुल्कहरु समावेश गरी अंक र अक्षर दुबैमा स्पष्ट संग आइटेमवाइज दररेट उल्लेख गर्नुपर्नेछ । अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ । केरमेट भएमा ठाउँमा विद्युतीय बोलपत्रदाताले सहिछाप गरेको हुनुपर्नेछ ।

६) विद्युतीय बोलपत्र खरिद गर्ने अन्तिम मिति सार्वजनिक विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न र सोको भोलिपल्ट १२:०० बजे भित्र दर्ता गर्न सक्नेछ । त्यस्तै दर्ता गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिनको १२:०० भित्र दर्ता गर्न सकिनेछ ।

७) विद्युतीय बोलपत्र सम्बन्धी कागाजतहरु भाषागत समेत त्रुटी भएमा वा विषय र प्रसंगले अन्यथा अर्थ लागेमा यस कार्यालयलाई कुनै पनि बेला सो सच्चयाउन बाधा पर्ने छैन । नेपाल सरकार र स्थानीय निकायका हितलाई ध्यानमा राखी विद्युतीय बोलपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा ठेक्का रद्द गर्ते सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८) स्वीकृत विद्युतीय बोलपत्रदाताले मूल्य अंकित औषधिमा बढि दररेट राख्न पाउने छैन । स्वीकृत बोलपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार फरक फरक अर्डर दिई खरिद गरिनेछ । साथै सप्लाई गरिने औषधि तथा औषधि जन्य सामाग्रीको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तिमा १८ महिनाको बाँकी भएको हुनु पर्नेछ । औषधिको म्याद १८ महिना भन्दा कम हुने औषधिको हकमा Expiry date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सक्नेछ ।

९) आपूर्ति हुने औषधिहरु WHO GMP Certified Company बाट उत्पादित भएको हुनुपर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीबाट उत्पादित औषधि आपूर्ति गर्नुपर्ने भएमा उक्त कम्पनीहरुको WHO/GMP सर्टिफिकेट अनिवार्य रुपमा विद्युतीय बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

१०) सप्लाई हुने औषधिको प्रत्येक प्याकिंगको बाहिर उत्पादन मिति, Expiry date, ब्याच नम्बर तथा Supply for Ministry of Health and Population Nepal वा "नेपाल सरकारबाट निःशुल्क वितरणको लागि" भनी स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ।

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गणेशमान चारनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विरेन्द्रबजार, धनुषा

मधेश प्रदेश, नेपाल

११) बजेटको स्थिति अनुसार खरिद गरिने औषधिहरुको परिमाण थपघट गर्ने, कुनै कारण देखाई वा नदेखाई, पूर्ण वा आंशिक रुपमा प्राप्त विद्युतीय बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२) एक फर्मको नाममा खरिद भएको विद्युतीय बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन । यस सूचनामा उल्लेखित विद्युतीय बोलपत्रहरु सम्बन्धि थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१३) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून अनुसार हुनेछ । विद्युतीय बोलपत्र सम्बन्धी अन्य शर्तहरु विद्युतीय बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१४) बजेट व्यवस्था तथा कार्यक्रम स्वीकृत नभएको अवस्थामा ठेक्का रद्द हुनेछ ।

१५) यस सूचनाका सबै ठेक्काहरुको व्यवस्थापन र मूल्यांकन सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट समेत) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | 02-GMC/Goods/NCB/082/083 | निशुल्क आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि आपूर्ति | रु.४०,७३,९४७२० | रु.१,२२,५००।- |

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner